## महानिर्देशकको सन्देश



**अन्तर्राष्ट्रिय जैविक विविधता दिवस, २०१८**

*'जैविक विविधता महासन्धिको २५ औं वर्ष'*

यो वर्ष जैविक विविधता सम्मेलन (CBD) को २५ औं वर्ष पुगेको छ, र यो वर्षको अन्तर्राष्ट्रिय जैविक विविधता दिवस (IDB) 'जैविक विविधता कार्यको २५औं वार्षिकोत्सव' मा केन्द्रित रहेको छ ।

विगत पच्चीस वर्षमा, CBD जस्ता विश्वव्यापी वातावरणीय प्रशासन संयन्त्रहरूले हिन्दूकुश हिमालय (HKH) मा रहेका देशहरूलाई हिमाली जैविक विविधता दीगो बनाउन मद्दत गर्दछन् । CBD का राष्ट्रिय तथा विश्वव्यापी लक्ष्यहरू हासिल गर्न ठूलो चुनौती भए तापनि, यो IBD हाम्रा प्रमुख उपलब्धिहरूको रूपमा के गणना गर्न सक्छौं र हामीले अझै के गर्न बाँकी छन् भन्ने कुरा लेखाजोखा गर्ने अवसर हो ।

हिन्दुकुश हिमालय क्षेत्र २४ करोड मानिसहरूको बासस्थान हो र यसले विश्व जनसंख्याको एक चौथाइ, १.९ अर्व मानिसहरूका लागि नदी क्षेत्र मार्फत पानी प्रदान गर्दछ । यसमा हिमालय, इण्डो-बर्मा, दक्षिणपूर्वी चीनका हिमालहरू, र मध्य एशियाका हिमालयहरू पर्दछन् । यी परम्परागत रूपमा नै जोडिएका सीमा-पारका जैविक हटस्पट हुन्, जसले जीविकोपार्जनमा सहयोग गर्दछन् र तीन अर्व मानिस का लागि खाद्यसुरक्षा प्रदान गर्दछ, जसमा संसार कै सबैभन्दा गरीब र सबैभन्दा पहुँच नपुगेका मानिसहरू पर्दछन् ।

समग्रमा इसीमोडको काम भनेको हिन्दूकूश हिमालय क्षेत्रमामा बसोबास गर्ने जीवनका विविधतालाई सम्मान गर्नु र त्यहाँका मानिसहरूमा ध्यान केन्द्रित गर्नु नै हो । अन्तरदेशीय भूदृश्य क्षेत्रीय कार्यक्रम अन्तर्गत हाम्रा पहलहरूमा यो विशेष रूपमा स्पष्ट नै छ । विभिन्न साझेदारहरू मार्फत, ती पहलहरूले तथ्यांमा रहेको दरारलाई हटाउने, दीर्घकालीन वातावरणीय तथा सामाजिक-पारिस्थितिकीय अनुगमनहरू स्थापना गर्ने, जैविक विविधता संरक्षण मोडेलहरूको परीक्षण गर्ने, मानवीय तथा संस्थागत क्षमताहरू निर्माण गर्ने, राष्ट्रिय जैविक विविधता संरक्षण रणनीतिहरूमा प्रभाव पार्ने, र समावेशी परिवर्तनलाई असर पुऱ्याउनका लागि राष्ट्रिय तथा विश्वव्यापी मञ्चहरूमा प्रमाण प्रस्तुत गर्नमा बल पुऱ्याउने कार्यहरू गरेका छन् । उदाहरणका लागि, कञ्चनजौ भूदृश्य संरक्षण तथा विकास पहल (KLCDI) ले KL जैविक विविधता सम्बन्धी डाटाबेसमा अद्यावधिक सन्दर्भग्रन्थसूची, यसका साथसाथै थप चराहरू (६१८ प्रजाति), पुतली (६०० प्रजाति), र फूलहरूको सूची (५१९८ प्रजाति) थप गरेको छ । यसले वन विनाश र क्षयीकरण मार्फत हुने उत्सर्जन न्यूनीकरण (REDD) पहललाई पनि रातो पाण्डालाई एउटा प्रमुख प्रजातिको रूपमा संरक्षण गर्न मद्दत गरेको छ ।

सुदुर पूर्वी हिमालय भू-क्षेत्र पहल (HI–LIFE) ले पनि उस्तै कार्यहरू गर्दछ । यसले विषयगत नक्साहरू र पूर्वाधारहरूको विकास गरेको छ, जसले जैविक विविधताको हटस्पटहरू, पारिस्थितिकीय क्षेत्रहरू, संरक्षित क्षेत्रहरू, पन्छी अवलोकन र ताकिन, लंगूर, र मिथुन बासस्थान बनाएर बस्ने मुख्य प्रजातिहरूको व्यवस्थापन र अनुगमन गर्छ । ती प्रजातिहरू सबै भूदृश्यहरूमा पाइन्छ र तिनको आर्थिकका साथै जातीय, सांस्कृतिक र कृषि-आनुवंशिक मूल्यका लागि अत्यन्त महत्वपूर्ण मानिन्छ ।

कैलास पवित्र भूदृश्य संवाद तथा विकास पहल (KSLCDI) र च्भ्म्म पहलले संरक्षण सम्बन्धी स्थानीय ज्ञानलाई आधुनिक भू-स्थानिक औजारहरूसँग जोड्दै परम्परागत ज्ञानमा केन्द्रित भएर मानिसहरूको जैविक विविधता सूची र जैविक-सांस्कृतिक प्रोटोकलहरू तयार पार्नमा सहयोग गरेका छन् । तिनीहरूले संरक्षण र विकास कार्य सम्बन्धी मानव-केन्द्रित रणनीति, योजना तथा कार्यान्वयन प्रक्रियाहरू अपनाउनमा सघाउ पुऱ्याउँछन् । त्यस्तै KSLCDI ले मानव-वन्यजन्तु हटस्पटहरूको नक्साङ्कन र योजना तर्जुमा गर्न तथा वन्यजन्तुको अवैध ओसारपसार रोक्न क्षमता विकास गर्नमा सघाउ पुऱ्याएको छ । सांस्कृतिक सेवाहरूको मूल्यमा जोड दिँदै, यसले संरक्षणमा सुधार गर्नको लागि हिन्दूकुश काराकोरम पामिर भूदृश्यमा रहेका परम्परागत ज्ञानहरू र प्रोत्साहित समुदायहरूमा पर्याप्त ध्यान आकर्षित गरेको छ । इसिमोडले काम गर्ने अन्तरदेशीय भूदृश्यहरूमा, हामीले संकलन गरेका जैविक विविधता सम्बन्धी तथ्याङ्कहरू वेब पोर्टलमा सार्वजनिक रूपमा उपलब्ध गराइएको छ । हाम्रो तथ्याङ्क र क्षेत्रीय सिकाइ विश्वव्यापी संरक्षण रणनीतिहरू निर्माण गर्नको लागि जैविक विविधता तथा पारिस्थितिकीय सेवाहरूका लागि बहुपक्षीय प्लाटफर्म र विश्वव्यापी जैविक विविधता सूचना केन्द्र जस्ता शैक्षिक तथा विश्वव्यापी मञ्चहरूमा उपयोग गरिन्छ ।

यद्यपि, चुनौतीहरू छन् नै, विशेष गरी मानव-वन्यजन्तु बिचको द्वन्द्व, आक्रामक विदेशी प्रजातिहरू, जंगलमा आगलागी र वन्यजन्तुको चोरी पैठारी रोक्ने जस्ता कुराहरूमा । ती समस्याहरूको समाधान "भूदृश्य कार्यविधि" बाट गर्न सकिन्छ जसमा संस्थागत क्षमता र प्रतिबद्धतालाई सुदृढीकरण गर्नु आवश्यक हुन्छ । संस्थाहरू सुदृढीकरण भए-नभएको जैविक विविधता संरक्षण रणनितिक योजना २०११-२०२० सफल हुने-नहुने कुराले निर्धारण गर्दछ । आउँदा वर्षहरूमा, हामीले जैविक विविधताका अनुगमनहरूलाई थप मजबुत पार्ने, कार्यक्षेत्रको सिकाइबाट नै नयाँ कुरा प्रतिपादन गर्ने, र विभिन्न भूदृश्य र नदी क्षेत्रमा कृषि, वनजंगल,ऊर्जा, जल, पूर्वाधार र सेवा कार्यसूचीहरू एकीकृत गर्ने कार्यहरू गर्नुपर्नेछ । हिमाली भेगमा हुने भूमिको क्षयलाई सम्बोधन गर्नका लागि, हामीले समुदायहरूलाई दीगो संरक्षण र विकासका लागि योगदान दिनुपर्दछ ।

अन्तर्राष्ट्रिय जैविक विविधता दिवस २०१८ मा, विगत २५ वर्षहरूमा धेरै कुराहरू हासिल भएको कुरा स्पष्ट नै छ, तर अझै पनि धेरै कामहरू गर्न बाँकी छन् । म सबै हिमाली समुदाय र सरोकारवालाहरू समक्ष आज हाम्रो मानव समुदाय र हाम्रो ग्रहलाई लाभ पुऱ्याउनको लागि हालसम्म भएका प्रगतिको सम्मान गर्ने र जैविक विविधताको संरक्षण गर्ने संकल्पलाई पुन:उजागर गर्ने दिनको रूपमा शुभकामना व्यक्त गर्न चाहन्छु ।

डेविड मोल्डेन

महानिर्देशक